प्रति शेयर रु.१००/– अङ्कित दरका २,३४,६८,००० कित्ता साधारण शेयरको हकप्रद निष्काशन

हाल कायम चुक्ता पूँजी रु.२,६५,३२,००,०००/– को १ शेयर बराबर ०.८८४५१६८ शेयर (१: ०.८८४५१६८) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु. २,३४,६८,००,०००/– (रु. दुई अर्ब चौतिस करोड अठ्सठ्ठी लाख शेयर पूँजी बराबरको प्रति शेयर रु.१००/– अङ्कित दरका २,३४,६८,००० कित्ता साधारण शेयर हकप्रद निष्काशन गर्नको लागि प्रकाशित ।

दरखास्त साथ प्रति साधारण शेयर रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोवार गर्ने

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.

(A Joint Venture of Life Insurance Corporation of India)

रजिष्टर्ड कार्यालय: का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं ।
टेलिफोन नं.: ०१-४०१२६१३, ४०१२६१४ फ्याक्स: ४०१२६१५
इमेल: liccorporate@licnepal.com.np | **वेबसाइट:** https://www.licnepal.com.np

हकप्रद शेयरको बिक्री खुला अवधि:

निष्काशन खुला मिति:	२०८१/०८/१२ गतेदेखि
निष्काशन बन्द मिति:	२०८१/०९/०२ गते बैकिङ्ग समयसम्म

लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" पढी आफ्नो स्व:विवेकले दरखास्त दिनुहुन अनुरोध गरिन्छ ।

१ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

१:०.८८४५१६८ को अनुपातमा (विद्यमान १ कित्ता साधारण शेयर बराबर ०.८८४५१६८ कित्ता शेयरका दरले) शेयरधनीहरुलाई हकप्रद शेयर निष्काशन गर्नको लागि प्रकाशित

यस हकप्रद शेयर निष्काशन प्रयोजनको लागि २०८१/०७/०९ गते शेयरधनी दर्ता किताब बन्द गरिएकोले सो दिन भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरु मात्र यस निष्काशनमा आवेदन दिन योग्य रहेको ।

"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत भएको मितिः २०८१/०६/१४ गते, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०८१/०६/२२ गते तथा नेपाल बीमा प्राधिकरणको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०८१/०७/०५ गते ।

(१) संगठित संस्थाको नाम: लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड [Life Insurance Corporation (Nepal) Ltd.]

(२) संगठित संस्थाको रजिष्टर्ड कार्यालय: यस कम्पनीको रजिष्टर्ड (प्रधान) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३० पुतलीसडकमा रहेको छ ।

(३) कारोबार स्थान:

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३०, स्टार मल, पुतलीसडकमा रहेको छ । नेपाल बीमा प्राधिकरणको स्विकृती लिई नेपाल राज्य भित्र वा विदेशमा आवश्यकतानुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ । यस कम्पनीले हाल प्रधान कार्यालय सहित मिति २०८१/०३/३१ गते सम्म ६ वटा प्रादेशिक कार्यालय तथा ७६ वटा शाखा कार्यालयहरु मार्फत देशभर कारोवार सञ्चालन गरी रहेको छ । प्रादेशिक तथा शाखा कार्यालयको विवरण निम्नअनुसार उल्लेख गरिएको छ ।

प्रादेशिक कार्यालयको विवरण:

(१) कोशी प्रदेश, इटहरी	(२) मधेश प्रदेश, जनकपुर	(३) बागमती प्रदेश, काठमाडौं
(४) गण्डकी प्रदेश, पोखरा	(५) लुम्बिनी प्रदेश, नेपालगञ्ज	(६) सुदुर पश्चिम प्रदेश/कर्णाली प्रदेश

शाखा कार्यालयको विवरण:

क्र.सं	शाखाको नाम	स्थानिय तहको पूरा ठेगाना	जिल्ला	क्र.सं	शाखाको नाम	स्थानिय तहको पूरा ठेगाना	जिल्ला
		गण्डकी प्रदेश		३९	मध्यपुर	मध्यपुर ठिमी ३, गठ्ठाघर	भक्तपुर
१	पोखरा	पृथ्वीचोक, म.न.पा. १६ पोखरा	कास्की	४०	ललितपुर	यपा भवन, पुल्चोक म.पा. १३	ललितपुर
२	दमौली	ब्यास न.पा. ०२, नीम चोक, तनहुँ	तनहुँ	४१	हेटौडा	राधाकृष्ण भवन, कान्तिराजपथ, उ.म.पा ०४	मकवानपुर
३	बागलुङ	धौलागिरी चोक, २ बागलुङ	बागलुङ	४२	काठमाडौं	चुच्चेपाटी, चावहिल का.म.न.पा. ०७	काठमाडौं
४	स्याङ्जा	वालिङ ३, भी.आई.पी टोल, स्याङ्जा	स्याङ्जा	४३	बनेपा	बनेपा न.पा. ०२, काभ्रे	काभ्रेपलाञ्चोक
५	गोरखा	हरमटारी ३, गोरखा	गोरखा	४४	काठमाडौं	अल इन वन मार्ट बानेश्वर का.म.न.पा. १०	काठमाडौं
६	बेशीशहर	त्रिवेणीटोल, न.प ०७, बेशीशहर	लमजुङ	४५	काठमाडौं	का.म.न.पा. १३ कलंकी	काठमाडौं
७	पोखरा	लेखनाथ २६, पोखरा	कास्की	४६	विदुर	विदुर न.पा. ४ नुवाकोट	नुवाकोट
८	कुस्मा	कुस्मा न.पा. ०५, प्रगती टोल	पर्वत	४७	कमलामाई	कमलामाई ६, सिन्धुली	सिन्धुली
९	बेनी	बेनी न.पा. ०८, क्याम्पस चोक	म्याग्दी	४८	निलकण्ठ	धादिङबेशी निलकण्ठ नगरपालिका ०३, शान्तिबजार	धादिङ
१०	कावासोती	थानाचोक, न.पा. ०२, कावासोती	नवलपुर	४९	बाह्रविसे	बाह्रविसे ९, राम्चि सिन्धुपाल्चोक	सिन्धुपाल्चोक
		लुम्बिनी प्रदेश		५०	पर्सा	खैरहनी न.पा. ०८, मगनी चोक	चितवन
११	नेपालगञ्ज	नेपालगञ्ज उ.म.न.पा १, धम्बोजी	बाँके	५१	थाहा	थाहा ३, पालुङ, सुन्दर वस्ती	मकवानपुर
१२	बुटवल	बुटवल, ६ ट्राफिक चोक	रुपन्देही	५२	कीर्तिपुर	किर्तिपुर न. पा. ९, नयाँबजार	काठमाडौं
१३	घोराही	गौतम बुद्ध टोल, १५ दाङ	दाङ	५३	काठमाडौं	स्टार मल, चौथो तला, पुतलीसडक, का.म.न.पा. ३०	काठमाडौं
१४	गुल्मी	तम्घास १, क्याम्पस रोड, गुल्मी	गुल्मी			**मधेश प्रदेश**	
१५	तौलिहवा	कालिका टोल, ३, पुरानो हाट बजार, तौलिहवा	कपिलबस्तु	५४	गौर	गौर ठर्कन चोक नं. १	रौतहट
१६	नवलपरासी	रामग्राम नगरपालिका २, अदालत रोड, नवलपरासी	नवलपरासी	५५	राजविराज	मेनरोड नेताचोक ४, राजविराज	सप्तरी
१७	तानसेन	शिलखन टोल, ४, तानसेन, पाल्पा	पाल्पा	५६	मलङ्वा	मलङ्वा, वडा नं. ९	सर्लाही
१८	सिद्धार्थनगर	भैरहवा, गल्लामण्डी, ६ सिद्धार्थनगर, रुपन्देही	रुपन्देही	५७	लालबन्दी	लालबन्दी न. पा. ०७, मेन रोड	सर्लाही
१९	बर्दिया	गुलरिया ६, राधाकृष्ण चोक, बर्दिया	बर्दिया	५८	बरथहवा	स्कूलचोक ६, सर्लाही	सर्लाही
२०	प्युठान	बिजुवार न.पा ४, जुम्री	प्युठान	५९	निजगढ	सहिद चोक ७, निजगढ	बारा
२१	तुल्सीपुर	तुल्सीपुर उ.प.म.पा. ५, ख लेन	दाङ	६०	कलैया	अदालत रोड, ४ कलैया	बारा
२२	कोहलपुर	कोहलपुर ११ न्यूरोड	बाँके	६१	जीतपुर सिमरा पिपरा	मेनरोड, ट्राफिक बिट २, जितपुर	बारा
२३	बर्दघाट	बर्दघाट न.पा.०४, शिवनगर कोलोनी	नवलपरासी	६२	जलेश्वर	गोश्वारा २, जलेश्वर	महोत्तरी
२४	लमही	लमही गल्ली न.पा. ०५, लमही	दाङ	६३	बर्दिवास	मेनरोड ०१ बर्दिवास	महोत्तरी
२५	चन्द्रौटा	शिवराज, ०५ चन्द्रौटा	कपिलबस्तु	६४	विरगञ्ज	लिङ्क रोड १६, विरगञ्ज	पर्सा
२६	सन्धिखर्क	सन्धिखर्क, न.पा ०२, अर्घाखाँची	अर्घाखाँची	६५	लाहान	लाहान ८, सिराहा	सिराहा
		सुदुर पश्चिम प्रदेश		६६	जनकपुर	भानुचोक, उ.म.पा ०१, जनकपुर	धनुषा
२७	धनगढी	धनगढी ३, कैलाली	कैलाली	६७	धनुषाधाम	धनुषाधाम न.पा. ०३	धनुषा
२८	महेन्द्रनगर	महेन्द्रनगर ४, क्याम्पस रोड, गल्ली नं ५	कञ्चनपुर	६८	मिर्चैया	मिर्चैया ६, सिराहा	सिराहा
२९	डडेलधुरा, अमरगढी	तुफानडाँडा, ५ डडेल्धुरा	डडेलधुरा			**कोशी प्रदेश**	
३०	टिकापुर	सिद्धार्थचोक, ०१ टिकापुर	कैलाली	६९	विराटनगर	भानुटोल, म.न.पा. ९ विराटनगर	मोरङ
३१	दसरथचन्द	गोठलापानी ४, बैतडी	बैतडी	७०	विर्तामोड	भद्रपुर रोड ४, विर्तामोड	झापा
३२	कैलाली	घोडाघोडी १, सुखड	कैलाली	७१	धरान	धरान १२, महेन्द्र पथ, धरान	सुनसरी
३३	महाकाली	महाकाली न.पा ०४, खलङ्गा	दार्चुला	७२	इटहरी	महेन्द्र राजमार्ग, १ इटहरी	सुनसरी
		कर्णाली प्रदेश		७३	इलाम	निकुञ्जपथ चोकबजार, ७ इलाम	इलाम
३४	सुर्खेत	विरेन्द्रनगर नगरपालिका बढा नं. ६, सदरलाइन	सुर्खेत	७४	दमक	वेलडाँगी रोड, ५ दमक	झापा
३५	सल्यान	सुर्यनगर १, सल्यान	सल्यान	७५	गाईघाट	त्रियुगा नगरपालिका ११, गाईघाट	उदयपुर
३६	चन्दननाथ	चन्दननाथ-६, बसपार्क जुम्ला	जुम्ला	७६	चन्द्रगढी	चन्द्रगढी न.पा. १०,	झापा
		बाग्मती प्रदेश					
३७	काठमाडौं	नक्साल, म.पा. ०१	काठमाडौं				
३८	भरतपुर	नारायणघाट ३, सहिद चोक	चितवन				

(४) संगठित संस्थाको सक्षिप्त परिचय र उद्देश्य:

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड (एलआइसी नेपाल) प्रचलित कानून बमोजिम संयुक्त लगानीमा संस्थापित एक पब्लिक कम्पनी हो । भारतीय जीवन बीमा निगम (एलआइसी अफ इन्डिया) को ५५ प्रतिशत तथा विशाल ग्रुप लि. को १५ प्रतिशत संयुक्त लगानीमा स्थापना भएको यस कम्पनीमा सर्वसाधारण शेयरधनीहरुको ३० प्रतिशत शेयर लगानी रहेको छ ।

एलआइसी नेपाल तत्कालिन कम्पनी ऐन २०५३ अनुसार मिति २०५७/९/१२ मा दर्ता नं. ७६५-०५७/०५८ अनुसार दर्ता भई बीमा समितिबाट २०५८/०४/२३ मा जीवन बीमा व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त गरी मिति २०५८/०५/१६ देखि आफ्नो कार्य सञ्चालन गर्दै आइरहेको छ ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम बीमा ऐन, २०७९, बीमा नियमावली २०४९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम व्यवस्था गरिएको छ

१) बीमा ऐन, २०७९ र बीमा नियमावली, २०४९ को अधिनमा रही जीवन बीमा सम्बन्धी कार्य गरी सबै किसिमको जीवन बीमा सेवा प्रदान गरी देशको आर्थिक विकासमा सहयोग पुऱ्याउनु यस कम्पनीको मुख्य उद्देश्य हुनेछ ।
२) देश भित्रका बीमा गर्न योग्य व्यक्तिहरु सम्म यो सेवा पुऱ्याउने उद्देश्यले व्यापक रुपमा जीवन बीमा बिस्तार गर्ने र तिनीहरुलाई मनासिव खर्चमा मृत्यु बापत आर्थिक क्षतिपुर्ति प्रदान गर्ने ।
३) बदलिदो सामाजिक एवं आर्थिक परिवेशमा उत्पन्न हुने समुदायको जीवन बीमाका विभिन्न आवश्यकताहरु पूर्ति गर्ने ।
४) आजिवन जीवन बीमा, आवधिक जीवन बीमा, सावधिक जीवन बीमा लगायतका जीवन बीमा सम्बन्धी कार्यहरु गर्ने वा गराउने ।
५) शरीरको कुनै पनि विशेष अङ्गको नाश र त्यस उपर हानी वा मानिसको शारीरिक एवम् मानसिक जीवनमा धम्की वा सबै किसिमको जीवन एवं व्यक्तिगत दुर्घटना सँग सम्बन्धित शारीरिक चोटपटकको बीमा सम्बन्धि कार्य गर्ने वा गराउने ।
६) बीमा सम्झौताबाट प्राप्त भएको प्रिमियम रकम विभिन्न क्षेत्रमा लगानी गर्ने र त्यसलाई उठाउने ।
७) विभिन्न कम्पनीहरुको संस्थापकको रुपमा भई वा नभई शेयरमा लगानी गर्ने गराउने ।
८) विभिन्न बीमा कम्पनीहरुबाट पुनर्बीमा योजना स्वीकार गर्ने र बीमितको सम्पत्ति, हित र सुविधाको सुरक्षाको लागि पुनर्बीमा ग्रहण गर्ने ।
९) आवश्यकता अनुसार अनुमति प्राप्त गर्दा कुनै स्वदेशी वा विदेशी बीमा कम्पनीहरुसँग मिलि संयुक्त वा एक्लै रही बीमा व्यवसाय सञ्चालन गर्ने वा गर्न लगाउने ।
१०) देश भित्र वा वाहिर बीमा र पुनर्बीमा एजेण्ट, दलाल, बीमाङ्की (actuary) र उपनिवेशकहरुको नियुक्ति गर्ने गराउने ।
११) बीमा र पुनर्बीमा व्यवसाय गर्ने कुनै स्वदेशी वा विदेशी बीमा कम्पनीको एजेण्ट र दलालको रुपमा काम गर्ने गराउने ।

(५) शेयर पूँजीको संरचना:

अधिकृत पुँजी: यस कम्पनीको अधिकृत पूँजी रु ५,००,००,००,०००/– (अक्षरेपी पाँच अर्ब) रहेको छ, जसलाई प्रति शेयर रु. १००/– का दरले जम्मा ५,००,००,००० (पाँच करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
जारी पुँजी: यस कम्पनीको जारी पूँजी रु. ५,००,००,००,०००/– (अक्षरेपी पाँच अर्ब) रहेको छ, जसलाई प्रति शेयर रु. १००/– का दरले जम्मा ५,००,००,००० (पाँच करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पुँजी: यस कम्पनीको चुक्ता पूँजी रु. २,६५,३२,००,०००/– (अक्षरेपी दुई अर्ब पैसठ्ठि करोड बत्तीस लाख मात्र) रहेको छ, जसलाई प्रति शेयर रु.१००/– अङ्कित मूल्यका २,६५,३२,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.५,००,००,००,०००/– (अक्षरेपी पाँच अर्ब) हुनेछ ।

(६) हकप्रद शेयर निष्कासन गर्नुपूर्व र निष्कासन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति:

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने कम्पनीको चुक्ता पूँजीको स्थिति :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)
क	संस्थापक शेयरधनीहरु	३,५०,००,०००	७०%	३,५०,००,००,०००
ख	सर्वसाधारण शेयरधनीहरु	१,५०,००,०००	३०%	१,५०,००,००,०००
	जम्मा	५,००,००,०००	१००%	५,००,००,००,०००

(७) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव:

यस कम्पनीको सञ्चालक समितिमा हाल निम्न सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

क्र. सं.	सञ्चालकको नाम तथा ठेगाना	पद	शैक्षिक योग्यता	प्रस्तावित व्यवसायमा अनुभव	अन्य अनुभव	प्रतिनिधित्व समूह
१	श्री सिद्धार्थ महान्ति, मुम्वई, भारत (प्रतिनिधि- भारतीय जीवन बीमा निगम)	अध्यक्ष	स्नातकोत्तर (व्यापार प्रशासन) स्नातकोत्तर (राजनितीशास्त्र)	१. भारतीय जीवन बीमा निगम (एलआइसी) मा ३७ वर्ष भन्दा बढिको कार्यअनुभव । २. हाल भारतीय जीवन निगम (एलआइसी) मा कार्यकारी अध्यक्षको रुपमा कार्यरत ।	-	संस्थापक
२	श्री तबलेश पाण्डेय, मुम्बई, भारत (प्रतिनिधि- भारतीय जीवन बीमा निगम)	सञ्चालक	स्नातक (वि.एग्री.टेक)	१. भारतीय जीवन बीमा निगम (एलआइसी) मा ३५ वर्ष भन्दा बढिको कार्यअनुभव । २. हाल भारतीय जीवन बीमा निगम (एलआइसी) मा प्रवन्ध निर्देशकको रुपमा कार्यरत ।	-	संस्थापक
३	श्री अशोक कुमार अग्रवाल, नक्साल, काठमाडौं (प्रतिनिधि- विशाल ग्रुप लिमिटेड)	सञ्चालक	स्नातक (वाणिज्यशास्त्र)	१. बीस वर्ष भन्दा बढि समय देखि लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडमा सञ्चालकको रुपमा कार्यअनुभव रहेको ।	१. प्रवन्ध निर्देशक- विशाल ग्रुप अफ इन्डस्ट्रीज, २. सञ्चालक- इमर्जिङ्ग नेपाल लि., ३. कार्यकारी सदस्य-नेपाल चेम्बर अफ कमर्श, ४. निर्देशक- प्रुडेन्शियल क्यापिटल म्यानेजमेन्ट प्रा.लि., ५. पुर्व अध्यक्ष-नेपाल समुन्द्रपार निकासी पैठारी, ६. एनआईसि एसिया वैंक, स्वदेशी लघुवित्त वित्तीय संस्था लि., मैनावती स्टील इन्डस्ट्रीज प्रा.लि., कमला रोलिङ्ग मिल्स प्रा.लि., गोरधनदास कमलावती परोपकारी प्रतिष्ठान र भिजी फाउण्डेशन मा पनि विभिन्न भुमिकामा आवद्ध ।	संस्थापक
४	श्री प्रविन कुमार मोलरी, मुम्वई, भारत	स्वतन्त्र सञ्चालक	सि.ए	१. भारतीय जीवन बीमा निगम (एलआइसी) मा ३४ वर्ष सम्म इन्भेष्टमेण्ट अपरेशन, प्रमुख जोखिम अधिकृत, वरिष्ठ विभागीय प्रवन्धक तथा कार्यकारी निर्देशक जस्तो महत्वपूर्ण पदमा रहि कार्य अनुभव हासिल गरेको ।	-	स्वतन्त्र
५	श्रीमती कोमल अग्रवाल, मैतिदेवी, काठमाडौं	सञ्चालक	एम.बी.ए. (बजारशास्त्र)	-	१. फाइनान्स एण्ड सप्लाई चेन म्यानेजर- युनाइटेड डिस्ट्रिव्युटर्स नेपाल प्रा.लि २. अन्तर्राष्ट्रिय व्यापार, कर्पोरेट फाइनान्स, सप्लाई चेन आदिमा ९ वर्षभन्दा बढि कार्य गरेको अनुभव ।	सर्वसाधारण
६	श्री प्रणय कुमार तेघरा, भारत	सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत	स्नातक (सम्मान- अर्थशास्त्र), गणित एमबिए (पिजिडीपी) फेलो (आइ.आइ.आइ)	१. भारतीय जीवन बीमा निगम (एलआइसी) मा ३० वर्ष भन्दा बढिको कार्य अनुभव । २. सेवाकालमा जम्मु, श्रीनगर डिभिजनमा प्रबन्धक, उत्तर मध्य क्षेत्र कानपुरमा सचिव र मेरठ डिभिजनमा प्रबन्धक (सेल्स) जस्ता महत्वपूर्ण पदहरुमा रहि कार्यअनुभव हासिल गर्नुभई हाल लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडमा सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । सो भन्दा अघि भारतीय जीवन बीमा निगमको नागपुर शाखामा वरिष्ठ डिभिजनल म्यानेजर पदमा प्रमुखको हैसियतमा कार्यरत रहनुभएको ।		संस्थापक

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम, ठेगाना	ठेगाना	योग्यता	अनुभव
श्री प्रणय कुमार	तेघरा, भारत	स्नातक (सम्मान-अर्थशास्त्र), गणित एमविए (पिजिडीपी) फेलो (आइ.आइ.आइ)	१. भारतीय जीवन बीमा निगम (एलआइसी) मा ३० वर्ष भन्दा बढिको कार्य अनुभव । २. सेवाकालमा जम्मु, श्रीनगर डिभिजनमा प्रवन्धक, उत्तर मध्य क्षेत्र कानपुरमा सचिव र मेरठ डिभिजनमा प्रवन्धक (सेल्स) जस्ता महत्वपूर्ण पदहरुमा रहि कार्यअनुभव हासिल गर्नुभई हाल लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडमा सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । सो भन्दा अघि भारतीय जीवन बीमा निगमको नागपुर शाखामा वरिष्ठ डिभिजनल म्यानेजर पदमा प्रमुखको हैसियतमा कार्यरत रहनुभएको ।

(८) संचालक समितिको बनौट:

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ६ (छ) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ:

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	१ जना
सञ्चालक समितिबाट नियुक्त गरेको स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**६ जना**

सञ्चालक समितिमा नियुक्त हुनको लागि यस कम्पनीको कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

(९) निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात:

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.२,६५,३२,००,०००/– को ८८.४५१६८% (१ :०.८८४५१६८) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२,३४,६८,००,०००/– बराबरको प्रति शेयर रु.१००/– अङ्कित दरका २,३४,६८,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

(१०) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम:

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति २०८१/०७/०९ भन्दा अघिल्लो दिनसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर ०.८८४५१६८ कित्ता शेयर (१ :०.८८४५१६८) को अनुपातमा प्रति शेयर रु. १००/– का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् ।

(११) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था:

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै: शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

(१२) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था:

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरबाट समायोजन गर्ने गरी बाँडफाँड गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको सञ्चालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँड गर्नेछ । यस विवरणमार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीहरुले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

(१३) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण साथै वास्तविक तथा प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल:

वासलात *रकम रु. हजारमा*

विवरण	वास्तविक आ.व २०७६/७७	आ.व २०७७/७८	आ.व २०७८/७९	आ.व २०७९/८०
अदृश्य सम्पत्ती तथा ख्याती	२२	२५१	१९५	१३८
यन्त्र उपकरण तथा औजार	२६३,०६८	२६५,३६८	२६१,४१५	४६१,४०२
लगानी सम्पत्ती	-	-	-	-
स्थगन कर	-	-	२६,५७६	१२०,५४५
सहायक कम्पनीमा लगानी	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-	-
लगानी	५४,८१५,९३०	६६,१६३,९५७	७६,३६४,९५३	८६,५१५,३९१
ऋण	१३,५१६,७६९	१४,५७८,५२७	१८,२८३,३७२	२१,८८२,१६३
पुनर्बीमा सम्पत्ती	-	-	-	-
चालु कर सम्पत्ती (खुद)	२२९,२६५	-	१४४,२६३	-
पाउनुपर्ने प्रिमियम	१७,४५०	६८,८७७	२९,८१०	२२,३५१
अन्य सम्पत्ती	१८,९००	१,४७८,९७९	३०,३१९	११,३५१
अन्य वित्तीय सम्पत्ती	१,६०९,१६४	१,९१२,९९६	२,३४२,३१४	२,९६८,०७५
नगद तथा नगद समान	२,८३९,७७३	३,२९१,९३९	१,९७८,५२७	२,४४९,५९४
कुल सम्पत्ती	**७३,३१०,३४१**	**८७,७६०,८९४**	**९९,४६१,७४४**	**११४,४३१,००९**
इक्विटी				
शेयर पूँजी	२,०१०,०००	२,३११,०००	२,६५३,२००	२,६५३,२००
शेयर प्रिमियम	६१,१५२	६१,१५२	६१,१५२	६१,१५२
सञ्चित नाफा	३३९,३७२	४१७,१३५	४९४,७६७	५६१,५९८
महाविपत्ती जगेडा	१,०७६,४६६	१,५३२,२४५	१,७३८,८८४	२,३४४,३२८
अन्य इक्विटि	१३९,१८२	१९२,१३५	३०१,३७३	३५६,०६१
कुल इक्विटि	**३,६२६,१७२**	**४,४१३,६६८**	**५,२४९,३७७**	**५,९७६,३३८**
दायित्व	-			
व्यवस्था	१९,८६४	१९,६६२	२८,०३८	३४,७३३
कुल विमा करार दायित्व	६७,४६३,३४७	८०,७८९,६०७	९२,५२२,११०	१०६,३४०,२९८
स्थगन कर दायित्व	१३५,७२५	३१३,९६३	-	-
तिर्नुपर्ने प्रिमियम	१६,७९३	३,५२९	७,८७९	२९,४६३
चालु कर दायित्व	-	१८९,४०३	-	११२,५७४
ऋण तथा सापटी	-	-	-	-
अन्य दायित्व	१,६६४,४६९	१,६४५,९०७	३९२,५६६	५९६,२६४
अन्य वित्तीय दायित्व	३८३,९७१	३८५,१५५	१,२६१,७७४	१,३४१,३३९
कुल दायित्व	६९,६८४,१६९	८३,३४७,२२६	९४,२१२,३६६	१०८,४५४,६७१
कुल दायित्व तथा इक्विटि	**७३,३१०,३४१**	**८७,७६०,८९४**	**९९,४६१,७४४**	**११४,४३१,००९**

नाफा नोक्सान हिसाब विवरण *रकम रु. हजारमा*

विवरण	बास्तविक आ.व २०७६/७७	आ.व २०७७/७८	आ.व २०७८/७९	आ.व २०७९/८०
कुल प्रिमियम आय	१४,९५१,३८५	१७,१६१,२१८	१८,२३५,७४६	१७,४७०,०६७
प्रिमियम हस्तान्तरण	८५,३३४	९४,६२३	९०,०२६	८०,९६५
खुद प्रिमियम आय	**१४,८६६,०५१**	**१७,०६६,५९४**	**१८,१४५,७२०**	**१७,३८९,१०३**
अन्य आय	३१,४२३	१४,०६६	११,८२७	१५,१३३
अन्य प्रत्यक्ष आय	२२६,९०६	२४८,३२०	२६८,६८४	२७०,५२६
बिमितलाई प्रदान गरिएको ऋणमा प्राप्त ब्याज	१,४३८,८६०	१,१७४,०३३	१,६७८,८१२	२,३६४,८६५
लगानी तथा ऋणबाट प्राप्त आम्दानी	४,६३५,६६७	६,६४५,५४२	६,९५१,३८३	८,२६४,४४२
फेयर भ्यालु परिवर्तनबाट खुद प्राप्ति/(नोक्सान)	-	-	-	-
खुद आर्जित आय (नोक्सान)	-	-	-	-
अन्य आय	-	-	१४,८१९	१५४
कुल आय	**२१,१९८,९०७**	**२५,१४८,५५४**	**२७,०७१,२४५**	**२८,३०४,२२३**
कुल दावि तथा सुविधा भुक्तानी	३,७६२,१३५	७,४७४,३५१	९,१२३,४६५	८,९८५,५००
पुनर्वीमामा दावी हस्तान्तरण	(२१,५८५)	(१३७,४८२)	५९,८६३	२६,३७७
करार दायित्वमा परिवर्तन	१३,०५४,२९०	१२,८६७,२५८	१२,५९४,३७६	१३,८२०,२४१
पुनर्वीमामा हस्तान्तरण हुने करार दायित्वमा परिवर्तन	-	-	-	-
खुद बीमा सुविधा तथा दावी	**१६,७९४,८३९**	**२०,२०४,१२७**	**२१,६५७,९७८**	[illegible]
कमिशन खर्च	१,५५९,६७४	१,६८५,७४६	१,६९२,६६२	१,४३५,३७६
सर्भिस खर्च	१४८,३८५	१७०,४९०	१८१,३९९	१४३,५९९
अन्य प्रत्यक्ष खर्च	-	-	-	-
कर्मचारी सुविधा खर्च	२८०,८२८	३४४,०२३	३६३,९१९	३८२,६२८
ह्रास कट्टि तथा अमोटाईजेशन खर्च	१३,२५९	१४,८५२	१३,८४१	५५,१९३
इम्पेयरमेन्ट नोक्सान	३,९४२	५,९१२	१३,६०९	१२,०६१
अन्य सञ्चालन खर्च	८१०,२५४	६६३,०७०	६४७,८३८	७३३,५५२
वित्तीय लागत	-	-	-	२३,९१९
कुल खर्च	**१९,६११,१८१**	**२३,०८८,२२१**	**२४,५७१,२४६**	**२५,५६५,७११**
कर अधिको नाफा	**१,५८७,७२६**	**२,०६०,३३३**	**२,४९९,९९८**	**२,७३८,५१२**
आयकर खर्च	८६७,९०२	१,३१५,२११	१,४८९,८६६	१,९८५,०६३
सम्बन्धित वर्षको नाफा	**७१९,८२४**	**७४५,१२२**	**१,०१०,१३३**	**७५३,४४९**

प्रक्षेपित वासलात *रकम रु. हजारमा*

विवरण	(अपरिष्कृत) आ.व २०८०/८१	प्रक्षेपित वासलात आ.ब. २०८१/८२	आ.ब. २०८२/८३	आ.ब. २०८३/८४
अदृश्य सम्पत्ती तथा ख्याती	१०८	९८	८९	८१
यन्त्र उपकरण तथा औजार	४४८,९७६	४२७,५९६	४०७,२३४	३८७,८४२
लगानी सम्पत्ती	-	-	-	-
स्थगन कर	१२३,४८४	१२३,४८४	१२३,४८४	१२३,४८४
सहायक कम्पनीमा लगानी	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-	-
लगानी	१००,०४९,७२९	११८,०५८,६८०	१३५,७६७,४८२	१५६,१३२,६०४
ऋण	२२,२१३,६७८	२४,४३५,०४५	२६,८७८,५५०	२९,५६६,४०५
पुनर्बीमा सम्पत्ती	-	-	-	-
चालु कर सम्पत्ती (खुद)	२४१९२८।६६३	-	-	-
पाउनुपर्ने प्रिमियम	२२,६२८	२७,१५४	३२,५८५	३९,१०२
अन्य सम्पत्ती	८,६५३	१०,९२४	१३,३८१	१६,०४४
अन्य वित्तीय सम्पत्ती	३,२०४,२७८	३,३६४,४९२	३,५३२,७१६	३,७०९,३५२
नगद तथा नगद समान	१,४२६,३१५	१,६९८,९२६	१,८९०,०१३	१,९१२,६७४
कुल सम्पत्ती	**१२७,७३९,७७७**	**१४८,१४६,४००**	**१६८,६४५,५३५**	**१९१,८८७,५८९**
इक्विटी				
शेयर पूँजी	२,६५३,२००	५,०००,०००	५,०००,०००	५,०००,०००
शेयर प्रिमियम	६१,१५२	६१,१५२	६१,१५२	६१,१५२
सञ्चित नाफा	५८६,५१८	६९५,२८८	८३२,८५८	९८१,२४८
महाविपत्ती जगेडा	२,५९०,७८५	३,०६९,७०७	३,८०७,८४२	४,६४३,३५१
अन्य इक्विटि	३५०,७३५	३५०,७३५	३५०,७३५	३५०,७३५
कुल इक्विटि	**६,२४२,३९०**	**९,१७६,८८२**	**१०,०५२,५८७**	**११,०३६,४८६**
दायित्व				
व्यवस्था	४१,७९२	४५,९७१	५०,५६८	५५,६२५
कुल विमा करार दायित्व	१२०,४५५,९४४	१३७,७७८,१६४	१५७,२२७,५४१	१७९,२८३,२५२
स्थगन कर दायित्व	-	-	-	-
तिर्नुपर्ने प्रिमियम	३५,८२३	३९,४०६	४३,३४६	४७,६८१
चालु कर दायित्व	-	-	-	-
ऋण तथा सापटी	-	-	-	-
अन्य दायित्व	५०६,१७१	५५६,७८८	६१२,४६७	६७३,७१४
अन्य वित्तीय दायित्व	४५७,६५७	५४९,१८८	६५९,०२६	७९०,८३१
कुल दायित्व	**१२१,४९७,३८७**	**१३८,९६९,५१७**	**१५८,५९२,९४८**	**१८०,८५१,१०२**
कुल दायित्व तथा इक्विटि	**१२७,७३९,७७७**	**१४८,१४६,४००**	**१६८,६४५,५३५**	**१९१,८८७,५८९**

प्रक्षेपित नाफा नोक्सान हिसाब *रकम रु. हजारमा*

विवरण	(अपरिष्कृत) आ.व २०८०/८१	प्रक्षेपित नाफा नोक्सान हिसाब आ.व २०८१/८२	आ.व २०८२/८३	आ.व २०८३/८४
कुल प्रिमियम आय	१८,१०७,४६३	२०,१५५,१२५	२२,४३४,३४३	२४,९७१,३०४
प्रिमियम हस्तान्तरण	(३०,४३५)	(१००,९३७)	(१०९,२१३)	(११८,३३९)
खुद प्रिमियम आय	**१८,०७७,०२९**	**२०,०५४,१८७**	**२२,३२५,१३०**	**२४,८५२,९६५**
अन्य आय	-	-	-	-
कमिशन आय	१,१८७	१५,१४१	१६,३८२	१७,७५१
लगानी आय	११,६५०,४४८	१३,५३६,९०४	१५,४५१,३७३	१७,६४१,४०६
खुद आय (नोक्सान)	-	-	-	-
खुद आर्जित आय (नोक्सान)	-	-	-	-
अन्य आय	२४०,१३०	२७६,१५०	३१७,५७२	३६५,२०८
कुल आय	**२९,९६८,७९४**	**३३,८८२,३८२**	**३८,११०,४५७**	**४२,८७७,३३०**
कुल दावि तथा सुविधा भुक्तानी	१०,८९१,७४९	१०,०२७,०९४	११,१६२,४६५	१२,४२६,४८३
पुनर्वीमामा दावी हस्तान्तरण	(५,९७२)	(८३,७४४)	(९९,०६३)	(१०८,६६१)
करार दायित्वमा परिवर्तन	१४,११६,४४५	१७,३२२,२२०	१९,४४९,३७७	२२,०५५,७११
पुनर्वीमामा हस्तान्तरण हुने करार दायित्वमा परिवर्तन	-	-	-	-
खुद विमा सुविधा तथा दावि	**२५,००२,२२२**	**२७,२६५,५७०**	**३०,५१२,८७८**	**३४,३७३,५३३**
कमिशन खर्च	१,३९४,१७१	१,९१७,१२६	२,०९२,६५२	२,३०४,५७०
सर्भिस खर्च	१३५,५७८	१५०,४०६	१६७,४३८	१८६,३९७
कर्मचारी सुविधा खर्च	३५८,७४०	३९४,६१४	४३४,०७५	४७७,४८३
ह्रास कट्टि तथा अमोटाईजेशन खर्च	५३,७९५	२१,३९०	२०,३७१	१९,४००
इमपेयरमेन्ट नोक्सान (रिभर्सल)	-	-	-	-
अन्य खर्च	३७३,१६०	४१०,४७६	४५१,५२३	४९६,६७६
वित्तीय लागत	२३,९१९	-	-	-
कुल खर्च	**२७,३४१,५८५**	**३०,१५९,५८२**	**३३,६७८,९३८**	**३७,८५८,०५९**
कर अघिको नाफा	२,६२७,२०९	३,७२२,८००	४,४३१,५१९	५,०१९,२७१
कर खर्च	२,३७८,०१०	२,६३५,१०८	३,०५५,८१४	३,५३५,३७२
आयकर व्यवस्था	-	-	-	-
स्थगन कर (आय)/खर्च	-	-	-	-
सम्बन्धित वर्षको नाफा	२४९,१९९	१,०८७,६९२	१,३७५,७०५	१,४८३,८९९

सञ्चालन अवधीको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ:

विवरण	वास्तविक (रु.मा) आ.ब. ०७७/०७८	आ.ब. ०७८/०७९	आ.ब. ०७९/०८०	अपरिष्कृत आ.ब. २०८०/८१	प्रक्षेपित (रु.मा) आ.ब. ०८०/०८१	आ.ब. ०८१/०८२	आ.ब. ०८२/०८३
शेयर पूँजी	२,३११,०००,०००	२,६५३,२००,०००	२,६५३,२००,०००	२,६५३,२००,०००	५,०००,०००,०००	५,०००,०००,०००	५,०००,०००,०००
शेयर पूँजी बापत अग्रिम भुक्तानी	-	-	-	-	-	-	-
शेयर प्रिमियम	६१,१५१,८०१	६१,१५१,८०१	६१,१५१,८०१	६१,१५१,८०१	६१,१५१,८०१	६१,१५१,८०१	६१,१५१,८०१
बीमा कोष	७९,६६२,५५१,०४४	९२,१७८,७५५,४९५	१०५,९५७,९६३,५०५	१२०,४५५,९४३,८२५	१३७,७७८,१६४,१२९	१५७,२२७,५४०,८८४	१७९,२८३,२५१,७२१
महाविपत्ति जगेडा	४१७,१३५,४४७	४९४,७६७,४९७	५६१,५९८,४४९	५८६,५१८,३५०	६९५,२८७,५६७	८३२,८५८,०५९	९८१,२४७,९४९
सञ्चित मुनाफा तथा जगेडाकोष	१,५३२,२४५,३७३	१,९१०,५५२,४४०	२,३४४,३२७,५१७	२,५९०,७८४,५३५	३,०६९,७०७,४८८	३,८०७,८४१,९१८	४,६४३,३५०,९२६
अन्य इक्विटि	१९२,१३५,२६७	३०१,३७३,४९०	३५६,०६०,६३१	३५०,७३५,३८७	३५०,७३५,३८७	३५०,७३५,३८७	३५०,७३५,३८७
कुल नेटवर्थ	**४,२२१,५३२,६२१**	**५,११९,६७१,७३८**	**५,६२०,२७७,७६७**	**५,८९१,६५४,६६६**	**८,८२६,१४६,८५६**	**९,७०१,८४१,७७८**	**१०,६८५,७५०,६७६**
शेयर संख्या	२३,११०,०००	२६,५३२,०००	२६,५३२,०००	२६,५३२,०००	५०,०००,०००	५०,०००,०००	५०,०००,०००
प्रति शेयर नेटवर्थ (रु.)	१९०।०३	१९२।९६	२११।८३	२२२।०६	१७६।५२	१९४।०४	२१३।७२
प्रति शेयर आम्दानी	३३।७०	३८।०७	२८।४०	९।३९	२१।७५	२७।५१	२९।६८
नेटवर्थमा औषत प्रतिफल (%)	१७।६५%	१९।७३%	१३।४१%	४।२३%	१२।३२%	१४।१८%	१३।८९%

निष्काशन पुर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल: १७.८२%

(१४) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरु:

(क) वित्तीय साधनको अभाववाट हुने जोखिम:
१. निक्षेपको ब्याजदरमा आउने परिवर्तनबाट हुने सक्ने जोखिम रहेको । २. पूँजी बजारमा आउन सक्ने उतारचढाव को जोखिम रहेको ।
३. आगामी दिनमा हुनसक्ने आर्थिक मन्दीले वित्तीय साधनको अभावका कारण व्यवसायको आयमा असर पर्ने जोखिम रहेको ।
(ख) कच्चा पदार्थको अभाववाट हुने जोखिम: यस कम्पनीले जीवन बीमा व्यवसाय गर्ने भएकाले कच्चा पदार्थको किसिम र उपलब्धता आवश्यक नभएको ।
(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम:
१. विद्यमान आर्थिक मन्दिले निरन्तरता पाएमा उत्पादन तथा सेवा बजारमा प्रतिकुल प्रभाव पर्न जाने, रोजगारी तथा आम्दानीमा कमि हुन सक्ने हुनाले सर्वसाधारणको जीवन बीमा पोलिसि खरीद क्षमतामा ह्रास आउन सक्ने तथा पोलिसिको सरेन्डरको दरमा बृद्धि हुन सक्ने ।
२. पूर्नबिमा कम्पनीको नेपालको बीमा बजार प्रतिको विश्लेषणमा हुने जोखिम ।
३. नयाँ लघु बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट उत्पन्न हुने सक्ने जोखिम ।
(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Over run) को जोखिम: लागु नहुने ।
(ङ) विदेशी विनिमयको जोखिम: विदेशी विनिमयको जोखिम नरहेको ।
(च) कानूनी प्रक्रियाहरु तथा इजाजतप्राप्त गर्नुपर्ने भए सोबाट पर्नसक्ने अवरोधहरु: सो नभएको ।
(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम: अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट वित्तीय क्षेत्रमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम: नेपाल बीमा प्राधिकरण एवम् अन्य नियामक निकायहरुले समय समयमा जारी गर्ने निर्देशन वा नियमहरुले समग्र जीवन बीमा क्षेत्र एवम् यस कम्पनीलाई समेत असर पर्न जाने हुन्छ । हामीले प्रचलित ऐन, नियम एवं निर्देशनको परिपालनालाई उच्च प्राथमिकतामा राख्ने गरेकाले यस्ता नीति तथा नियमहरुको परिवर्तनबाट ठूलो नकारात्मक असर नपर्ने अपेक्षा गरेका छौं ।
(झ) सञ्चालन अनुभवको अभाव: यस कम्पनीले मिति २०५८/०४/२३ गतेदेखि विधिवत् रुपमा आफ्नो व्यवसायिक कार्य सञ्चालन गरी हाल स्थापनाको २३ वर्ष पुरा गरेकोछ ।
(ञ) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम: जीवन बीमा एक दीर्घकालीन व्यवसाय हो जसमा प्रविधिले कम्पनीलाई आफ्नो व्यवसाय प्रभावकारी र पूर्ण रुपमा सञ्चालन गर्न मद्दत गर्दछ । प्रविधिमा भएको कुनै पनि परिवर्तनले कम्पनीलाई पहिलेभन्दा राम्रो प्रदर्शन गर्न मद्दत गर्छ । जोखिम हुनुको सट्टा, प्रविधिमा परिवर्तनले लागतमा बृद्धि ल्याए पनि कम्पनीको कार्यसम्पादनलाई सधैं बढावा दिन्छ ।
(ट) अन्य : निम्न उल्लेखित जोखिमहरुको प्रभावकारी व्यवस्थापन गर्न नसकेको अवस्थामा कम्पनीको जोखिम बहन गर्ने क्षमता एवं व्यावसायीक, आर्थिक एवं सञ्चालन नतिजामा असर पर्न जानेछ ।
- देशको राजनीतिक अस्थिरताबाट सञ्चालन तथा वित्तीय अवस्थामा पर्ने जोखिम ।
- कम्पनीमा फर्जी विवरण पेश गरी बीमा दाबीको कारणले आम्दानी संकुचन हुने जोखिम ।
- बैंक तथा वित्तीय संस्थाको निक्षेपको व्याजदर घट्नाले व्याज आम्दानीमा संकुचन आउन सक्ने जोखिम ।
- पूँजी बजारमा आउने गिरावटको कारण कम्पनीको लगानीको मूल्यमा ह्रास आउन सक्ने जोखिम ।
- सरकारी सुरक्षणपत्रहरुको व्याजदरमा आउने परिवर्तनबाट कम्पनीको आम्दानी संकुचन हुन सक्ने जोखिम ।
- कार्य सञ्चालन जोखिम (Operational Risk) बाट हुनसक्ने हानी नोक्सानी ।
- प्राकृतिक प्रकोप (जस्तै: भुकम्प, बाढी/पहिरो आदी) को कारणबाट व्यवसायमा आउने प्रभाव तथा बीमा दाबीमा वृद्धी हुने जोखिम ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यूनीकरण वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना: यस संस्थाले शुरुवातदेखि नै जोखिम व्यवस्थापनको क्षेत्रमा गर्दै आइरहेको उत्कृष्ट प्रदर्शन, अनुभवी तथा दक्ष जनशक्ति, गुणस्तरीय लगानीको पोर्टफोलियो, जोखिम निगरानी एवं नियन्त्रण विधिको अवलम्बन तथा कुशल एवं तत्परताका साथ जोखिम व्यवस्थापन गर्ने नीति अवलम्बन गर्ने गरेका कारण सञ्चालन एवं वित्तीय अवस्थामा उपरोक्त जोखिमहरुबाट उल्लेख्य असर पर्न जाने देखिदैन । कम्पनीले पहिचान गरेका सम्भाव्य जोखिमहरु व्यवस्थापन तथा न्यूनिकरण गर्न विभिन्न जोखिम तथा सु-शासन समितिहरुमा आवश्यकता अनुसार छलफल गर्दै आवश्यक न्यूनिकरणका उपायहरु अवलम्बन गर्दै आएको । जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि कम्पनीले अवलम्बन गरेका अभ्यासहरु निम्न लिखित छन्:
- अख्तियारप्राप्त समिति तथा व्यक्तिहरुको स्वीकृति पश्चात्मात्र जोखिम ग्रहण गरिने तथा सोको व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्ध गरिदै आएको ।
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखापरीक्षकले औंल्याएका कैफियतहरु सुधार गर्दै लैजाने गरेको छ ।
- नेपाल बीमा प्राधिकरणले जारी गरेको संस्थागत सुशासन तथा अन्य निर्देशिकाहरु पालना गर्दै आईरहेको र परेको चुनौतीहरुलाई लड्दै व्यवसायीक पारदर्शिता एवम् दक्षता अभिबृद्धि गरेको छ ।
- अनुशासित र सयमित जोखिम वहन ।
- जोखिम र प्रतिफल बिच सन्तुलन ।

- बिमालेख अन्तर्गत जोखिम न्यूनिकरणका लागि कम्पनीले बीमालेख अन्तर्गत धारण गरेको जोखिमको आवश्यकता अनुसार पुनर्बीमा गर्ने गरिएको, नियमक निकायको स्विकृती बमोजिम बीमाङ्की नियुक्त गरी हरेक वर्ष दायित्वको लेखाजोखा गराउने कार्य गर्ने गरिएको छ कम्पनीले हाल नेपाल रि-इन्स्योरेन्स कम्पनी तथा हिमालयन रि-इन्स्योरेन्स कम्पनीसँग पूनर्बीमा गरिरहेको छ ।
- कम्पनीले रु. ६४८,५७५ बीमा शुल्क भुक्तान गरी रु. ९२,४०६,८२१ बरावरको सम्पत्तिको बीमा गरेको छ । जसको विवरण निम्न अनुसार रहेको छ ।

सम्पत्तिको विवरण	बीमालेख शुरु मिति	बीमालेख समाप्ति मिति	बीमा गरिएको रकम	बीमा शुल्क भुक्तानी गरिएको रकम
कम्प्युटर र इ.डि.पि.	२०२३।०९।२२	२०२४।०९।२१	११,९६७,९८२	११२,२४५।६२
फर्निचर तथा फिक्सरहरु			१५,६७६,५१४	
कार्यालय सामग्री			६,६०२,९४७	
अन्य सम्पत्तिहरु			१,८५८,८८८	
सवारी साधनहरु	२०२४।०१।०३	२०२५।०१।०२	५६,३००,४९०	५३६,३२९
जम्मा			**९२,४०६,८२१**	**६४८,५७५**

- त्यसै गरी जोखीमलाई न्युनिकरण गर्न २०८१ आषाढ मसान्तसम्म कुल रू. ३०,४३४,५११ बीमा शुल्क भुक्तान गरी रू. २७५,९४२,५३०,५९७ बीमाङ्क बराबरको पुनर्बीमा गरेको छ । जसको विवरण देहाय बमोजिम रहेकोछ ।

पुनर्बीमा कम्पनी	सम्झौता	बीमाङ्क रकम	पुनर्बीमा शुल्क
ह्यानओभर रि.	जीवन बीमा	२४,७८८,६८२,५००	१४,१०२,०५४
नेपाल रि.	जीवन बीमा	६,५८९,४९३,८५३	८९०,६१५
हिमालय रि.	जीवन बीमा	४३,८७५,७१५,५००	१२,५४१,८४२
		७५,२५३,८९१,८५३	**२७,५३४,५११**
हिमालय रि.	महाविपत्ती	२००,६८८,६३८,७४४	२,९००,०००
जम्मा		**२७५,९४२,५३०,५९७**	**३०,४३४,५११**

बीमा योजनाको प्रकारको आधारमा:

बीमा योजनाको प्रकार	बीमाङ्क रकम	पुनर्बीमा शुल्क
सावधिक बीमा	१०,५३३,०६७,०००	४,०७८,४९६
सावधिक (धन फिर्ता) बीमा	२५,९८९,३८०,०००	११,९७७,४९३
सावधिक (परिमार्जित) बीमा	२५,७६८,६११,०००	७,०८५,०९०
आजिवन बीमा	९३,३८८,८५३	१५,५२२
म्यादि बीमा	११३,९२५,०००	३६,७२४
सावधिक एकल बीमा	३४९,८५०,०००	२०६,६८२
लघु बीमा	१२,४०५,६७०,०००	४,१३४,५०४
महाविपत्ती	२००,६८८,६३८,७४४	२,९००,०००
जम्मा	**२७५,९४२,५३०,५९७**	**३०,४३४,५११**

सम्झौताको विवरण:
- सन् २०१८/०७/१६ सम्म बीमा भएका बीमालेखहरुको शत प्रतिशत पुनर्बीमा ह्यानओभर रि संग गर्ने सम्झौता गरिएकोछ ।
- सन् २०१८/०७/१७ देखि २०२२/०७/१६ सम्म पहिला बीमा भएका बीमालेखहरु शत प्रतिशत पुनर्बीमा हिमालय रि. संग गर्ने सम्झौता गरिएको छ ।
- सन् २०२२/०७/१७ देखि बीमा भएका बीमालेखहरुबाट १०% नेपाल रि. सँग र ९०% हिमालय रि. सँग गर्ने सम्झौता गरिएको छ ।

धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम: साविक शेयरधनीको लागि प्रति शेयर रु. १००/- कायम गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवारको मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ । तर हाल यस कम्पनीको दोस्रो बजारमा कारोबार भइरहेको मुल्यको प्रवृत्तिलाई हेर्दा यस्तो जोखिम ज्यादै न्युन रहेको ।

(१५) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचनामार्फत् जानकारी गराएको मिति २०८१/०७/०९ भन्दा अघिल्लो दिनसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले १:०.८८४५१६८ को अनुपातमा (विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट वा सिडीएस एण्ड क्लियरिङ्ग लिमिटेडले विकास गरेको हितग्राही खाताको अनलाइन प्रणाली **"मेरो शेयर"** बाट आवेदन दिन सकिनेछ । सो देखि बाहेक आवेदन गर्न चाहनेहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत उल्लेख गरी कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनुपर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) यस विवरण मार्फत् निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई निजहरुको डिम्याट खातामा सोझै उपलब्ध गराउने व्यवस्था गरिने हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
१०) रु.५०,०००/-भन्दा बढीको आवेदन दिनेले स्थायी लेखा नम्बर अनिवार्य खुलाउनुपर्ने छ ।

(१६) पछिल्लो ३ बर्षको तथा महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण:

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोवार संख्या
०८०/०८१	१,६५५	१,२३९।७	१,४३८	७९६,७७९
०७९/०८०	१,५००	१,१८३	१,५५५	२,४१६,५००
०७८/०७९	२,५५५	१,०६५	१,४१५	३,१५३,२२६

महिना	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम बजार मूल्य (रु)	शेयर कारोवार संख्या
२०८१ श्रावण	२,१०१	१,४३८	२,०६५	५९४,७८८
२०८१ भाद्र	२,४७५	२,००१	२,०१९	८३२,००१
२०८१ आश्विन	२,२८८	१,९८५	२,११५.१	३११,३२३

द्रष्टव्य: यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

(१७) शेयर बाँडफाँट सम्बन्धी व्यवस्था:

यस कम्पनीले आफ्ना साविक शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आह्वान गरेको शेयर बिक्री बन्द भए पश्चात **"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४"** ले निर्धारित गरेको समय भित्र प्राप्त आवेदनको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने छ ।

(१८) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था:

यस विवरणमार्फत् निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचीकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

(१९) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

यस कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था नरहेकाले यस कम्पनीको हकप्रद शेयर निष्काशनमा हक हस्तान्तरण मार्फत आवेदन दिन सकिने छैन ।

(२०) हकप्रद शेयर जारी गर्नुको उद्देश्य:

नियामक निकाय नेपाल बीमा प्राधिकरणबाट जीवन बीमकहरुको न्यूनतम चुक्ता पूँजी ५ अर्ब कायम गर्नपर्ने भन्ने निर्देशिका जारी भएकोले सो व्यवस्थाको पालना गर्नको लागि हकप्रद शेयर निष्काशन गरिएको । यस बाहेक हकप्रद शेयरबाट प्राप्त रकम कम्पनीले तपसिल बमोजिमको क्षेत्रहरुमा परिचालन तथा उपयोग गर्ने निर्णय गरेको छ ।

क्र.सं.	लगानी शिर्षक	रकम (रु.)	अनुपात
१.	नेपाल सरकार वा नेपाल राष्ट्र बैंक बचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त बचतपत्र वा ऋणपत्र ।	१००,०००,०००	४।२६%
२.	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा पुर्वाधार विकास बैंकको मुद्दती निक्षेप ।	१,५००,०००,०००	६३।९२%
३.	नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय संस्थाको ऋणपत्र ।	३५०,०००,०००	१४।९१%
४.	नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त धितोपत्र विनिमय बजारमा सूचिकृत पब्लिक लिमिटेड कम्पनीको शेयर ।	६१,८००,०००	२।६३%
५.	नागरिक लगानी कोष तथा म्युचअल फण्डका लगानी योजनाहरु ।	१५,०००,०००	०।६४%
६.	कृषि, उत्पादन तथा वितरण, शौत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, नविकरणीय उर्जा परियोजना, केवलकार, सडक, शिक्षा तथा स्वास्थ्य लगायतका पूर्वाधार क्षेत्र	५०,०००,०००	२।१३%
७	भवन निर्माण	२७०,०००,०००	११।५१%
	जम्मा	**२,३४६,८००,०००**	**१००%**

हकप्रद शेयर जारी गर्ने सम्बन्धमा विशेष साधारण सभाको निर्णय: "सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम भएको चुक्ता पूँजी रू. २,६५,३२,००,०००/- (रू. दुई अर्ब पैसठ्ठि करोड बत्तिस लाख) को ८८.४५१६८% (प्रतिशत) ले हुने अर्थात १:०.८८४५१६८ को अनुपातले हुने रू. २,३४,६८,००,०००/- (रू. दुई अर्ब चौतिस करोड अठ्सठ्ठी लाख) बराबरको हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिका साथ पारित गरियो ।

(२१) हकप्रद शेयर बिक्री खुला अवधि:

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काईस) दिनका लागि खुला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता कम्पनीले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्र दरखास्त खुला राख्न सकिनेछ ।

(२२) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु:

क्र.सं.	दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु:
१.	नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि., लेखनाथमार्ग, ठमेल, काठमाडौं ।
२.	लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड, स्टार मल, पुतलीसडक, काठमाडौं तथा सम्पूर्ण शाखा कार्यालयहरु ।
३.	नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण" निष्काशनकर्ता कम्पनी लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. को वेवसाइट https://www.licnepal.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि. को वेवसाइट https://nsmbl.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट https://www.sebon.gov.np/prospectus बाट डाउनलोड गरी पढ्न सकिनेछ ।

(२३) निष्काशन बैंक (Banker to the Issue):

यस हकप्रद शेयर निष्काशनको लागि देहायको बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

क्र.स.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	बैंक खाता नम्बर
१	नेपाल एसबिआई बैंक लिमिटेड, दरबारमार्ग	NSMBL-LIC-Right-2080-81	१७७३५२४०१००१६६

(२४) क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण:

यस कम्पनीलाई इक्रा नेपाल लिमिटेडले "[ICRANP-IR] A+ " (Pronounced ICRA NP Issuer Rating A plus) इस्युअर रेटिङ्ग २०८१/०७/१२ तदनुसार अक्टोबर २८, २०२४ मा प्रदान गरेको छ । उक्त रेटिङ्गले समयमा नै वित्तीय दायित्व पुरा गर्ने क्षमता पर्याप्त (adequate degree of safety regarding the timely servicing of financial obligations) रहेको जनाउँदछ । यो रेटिङ्ग प्राप्त गर्ने संस्था समयमा वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षित मानिन्छन र यस्ता संस्थाहरुमा न्यून कर्जा जोखिम रहेको हुन्छ तर यसले कुनै खास प्रतिभुती औजारको साखलाई जनाउँदैन । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने ICRANP-IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ "[ICRANP -IR] A-" स्थिती ICRANP -IR] A" भन्दा एक चिन्ह तल रहन्छ । रेटिङ्ग प्राप्त मिति: २०८१/०७/१२ तदनुसार अक्टोबर २८, २०२४ रेटिङ्ग बहाल रहने मिति: २०८२/०७/११ सम्म तदनुसार अक्टोबर २७, २०२५

(२५) सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा:

सञ्चालक तथा आधारभूत शेयरधनीहरुले हकप्रद शेयर बापत रु. १,७४,२२,८२,१००/- (अक्षरेपी एक अर्ब चौरत्तर करोड बाइस लाख बयासी हजार एक सय रुपैया मात्र) जम्मा गर्नुपर्नेमा उल्लेखित सम्पूर्ण रकम जम्मा भएको छ ।

दरखास्त फारामको नमूना

हकप्रद शेयरको बिक्री खुला अवधि:

निष्काशन खुला मिति:	२०८१/०८/१२ गतेदेखि
निष्काशन बन्द मिति:	२०८१/०९/०२ गते बैंकिङ्ग समयसम्म

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बीमा ऐन, २०७९ बमोजिमको कामकारोवार गर्ने
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
रजिष्टर्ड कार्यालय: का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं ।
टेलिफोन नं.: ०१-४०१२६१३, ४०१२६१४ फ्याक्स: ४०१२६१५
इमेल: liccorporate@licnepal.com.np | वेभसाइट: https://www.licnepal.com.np

सि.नं.

संस्थापक समूह ☐ सर्वसाधारण समूह ☐

कोड नं.

शेयरको विवरण	हाल कायम रहेको शेयर कित्ता	हकप्रद वापतको शेयर कित्ता
भौतिक		
अभौतिक		
जम्मा कित्ता		

शेयरधनी परिचय नं.

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फत: | धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक |
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.

दरखास्त फाराममा निवेदकको आफ्नै खाता रहेको बैंक/ वित्तीय संस्थाको नाम शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

श्री सञ्चालक समिति,
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
स्टार मल, चौथो तला, पुतलीसडक, काठमाडौं ।

हितग्राही खाता नं. DP ID / Client ID

महाशय,

यस कम्पनीको २,३४,६८,००० कित्ता साधारण शेयर हकप्रद मार्फत साविक शेयरधनीहरुलाई निष्काशन तथा बिक्री गर्ने प्रयोजनको लागि प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को शर्त अनुसार कम्पनीले आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०८१/०७/०९ गते भन्दा अघिल्लो दिनसम्म मेरो/हाम्रो नाममा कायम अभौतिक .... कित्ता र भौतिक .... कित्ता शेयरको (१ : ०.८८४५१६८) को अनुपातमा (अर्थात विद्यमान १ कित्ता शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता) को दरले हुन आउने .... कित्ता हकप्रद शेयर खरीद गर्ने हक मेरो/हाम्रो रहेकोले प्रति शेयर रु १००/- का दरले हुन आउने जम्मा रकम रु. .... (अक्षरेपी................ मात्र) .... बैंकको चेक नं. .... संलग्न गरी तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन पेश गरेको छु/छौं । कम्पनीको नियमानुसार गर्न मेरो/ हाम्रो मञ्जुरी भएकोले उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (डिम्याट खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
प्रति शेयर रु.१०० /- ले बुझाएको रकम	रु.	अक्षरमा:	
दरखास्त बुझाएको मिति	२०८१/ /	चेक नं.	
रकम बुझाएको स्थानको कम्पनीको नाम		ठेगाना	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
निवेदक स्वयंको खाता रहेको बैंक/ वित्तीय संस्थाको नाम/ शाखा			
निवेदक स्वयंको खाता रहेको बैंक/ वित्तीय संस्थाको खाता नं.			

Sources of Fund (For Rs. 0.5 million and above as per Directive issued by SEBON)
आयको स्रोत (रु. पाँच लाख र सो भन्दा बढीको लागि नेपाल धितोपत्र बोर्डबाट जारी निर्देशन अनुसार)
व्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify)

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक
	In English	Mr./Mrs./Miss/Minor USE CAPITAL LETTER

ठेगाना	घर नं.	गा.पा./न.पा.	जिल्ला	वडा नं
Address	House No.	R.M./ Municipality	District	Ward No.
सम्पर्क ठेगाना		Mob.No.	ना.प्र.नं.	ना.प्र. जारी जिल्ला
PAN No.		Phone No.		Email ID

बाबुको नाम / Father's Name
बाजेको नाम / Grandfather's Name
संरक्षकको नाम (नाबालकको हकमा)

यस दरखास्त फाराममा भएको विवरणहरु पूर्ण रुपमा सँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयम जिम्मेवार हुनेछु । साथै, यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ती शुद्धीकरणको ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होईन । झुटो ठहरिएमा प्रचलित कानुन बमोजिम सहन/ बुझाउन मेरो/ हाम्रो मञ्जुरी छ ।

नोट:
१. शेयरधनी नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. शेयरधनीले अनिवार्य रुपमा DP ID र Client ID दुवै उल्लेख गर्नुपर्नेछ तथा आफ्नो Demat खाताको Statement समेत संलग्न गर्नुहुन अनुरोध छ ।
३. रितपूर्वक नभरिएको दरखास्त हकप्रद शेयर बाँडफाँडमा समावेश नगरिने छैन साथै, चेक भुक्तान नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ ।
४. यस हकप्रद निष्काशनमा आवेदन दिंदा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो ।

निवेदकको दस्तखत (Applicant's Signature)
नाबालकको हकमा संरक्षकको दस्तखत

यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत: | धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक |
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.:

Applicant's Name :	
Company's Name :	LIFE INSURANCE CORPORATION (NEPAL) LTD.
No. of Share Applied	Call Money per share Rs. 100/- Amount Deposited (Rs.)
Amount in words:	

निवेदकको दस्तखत (Applicant's Signature)
नाबालकको हकमा संरक्षकको दस्तखत

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ ।

For Official use Only:
Received by:
Date: Stamp
Shareholder's No. Code No.:
हितग्राही खाता नं. DP ID / Client ID

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेबसाइट: https://nsmbl.com.np